नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# प्रेस विज्ञप्ति

यही १० अगष्ट २०१८ तदनुसार २५ साउन २०७५ मा सम्पन्न नेपाल–बंगलादेशबीच ऊर्जा क्षेत्रमा आपसी सहयोग सम्बन्धी सम्झदारी पत्रको दफा ४ मा व्यवस्था भए अनुसार उक्त सम्झौताको कार्यान्वयन पक्षलाई सहजीकरण र यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न गठित सहसचिवस्तरीय एवम् सचिवस्तरीय समितिहरुको दोस्रो बैठक २०७६ साल आषाढ ५–६ गते बंगलादेशको कोक्सस् बजारमा सम्पन्न भएको छ । सचिवस्तरीय Joint Steering Committee को बैठक नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री दिनेशकुमार घिमिरे तथा बंगालादेश सरकारको विद्युत, उर्जा र खनिज स्रोत मन्त्रालयका सचिव डा. अहमद काइकाउसको सहअध्यक्षतामा आषाढ ६ गते सम्पन्न भयो । उक्त बैठकले आषाढ ५ गते सम्पन्न भएको सहसचिवस्तरीय Joint Working Group को बैठकले गरेका नेपाल र बंगलादेशबीच विद्युत व्यापारको सम्भावना, नेपालमा जलविद्युत विकासमा बंगलादेशी निजी प्रवर्द्धकबाट लगानीको सम्भावना, नेपाल र बंगलादेशबीच अन्तरदेशीय विद्युत प्रसारण लाइनको सम्भावना, माथिल्लो कर्णाली जलविद्युत आयोजनाबाट बंगालादेशले आयात गर्ने ५०० मेगावाट विद्युत तथा नेपाल र बांग्लादेशबीचमा नवीकरणीय ऊर्जाको क्षेत्रमा सहयोग गर्ने सम्बन्धी निर्णयहरुको अनुमोदन गर्‍यो ।

उक्त बैठक बस्नु अघि आषाढ ४ गते संयुक्त प्राविधिक टोली-उत्पादन/प्रसारणको बैठक बसी उत्पादन तर्फका सम्भावित आयोजना तथा प्रसारण प्रणाली र विद्युत व्यापारका सम्भावनाहरुका बारेमा छलफल गरियो थियो । बैठकले विशेषगरी, नेपाल र बंगलादेशबीच विद्युत व्यापारको सम्भावना खोज्न दुवै देशहरूले आफ्नो दीर्घकालीन उत्पादन तथा अन्तरदेशीय प्रसारण योजनाको समीक्षा गर्ने र नेपालमा लगानी योग्य सम्भावित जलविद्युत् आयोजनाहरूको पहिचान गर्न गठित तीन सदस्यीय संयुक्त प्राविधिक टोली (उत्पादन/प्रसारण) ले अध्ययन गर्ने सहमति भएको छ ।

दीर्घकालीन उपाय स्वरुप नेपाल-बंगलादेशबीच प्रसारण लाईन निर्माण गर्ने सम्बन्धमा संयुक्त प्राविधिक टोली (प्रसारण)ले अध्ययन कार्य शुरु गर्ने सहमति भएको छ ।

नवीकरणीय ऊर्जाको प्रवर्द्धन, Solar Home System र ऊर्जा दक्षता क्षेत्रमा नेपालको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र बंगलादेशको Sustainable and Renewable Energy Development Authority (SREDA) बीच प्रविधि तथा शीप आदान प्रदान गर्न सहमति भएको छ । साथै, दुई देशबीच ऊर्जा क्षेत्रका जनशक्तिको क्षमता अभिबृद्धि गर्ने सहमति समेत भएको छ ।

नेपाल-भारत र भारत-बंगलादेशबीच रहेको यसै प्रकारको संयुक्त समितिको आगामी बैठकहरुमा अन्तरदेशीय प्रसारण लाइन सम्बन्धी व्यवस्था गर्नको लागि आफ्नो आफ्नो तर्फबाट सो विषय उपर छलफल अघि बढाउने बारे पनि सहमति भएको छ ।

२०७६/०३/०८

मितिः २०७६।०३।०८

प्रवीण राज अर्याल
सहसचिव तथा प्रवक्ता